सम्माननीय सभाध्यक्ष महोदय,

१. नेपालको सं वधानको परिकल्पना अनुसार स्थानीय सरकारको रुपमा अ धकार सम्पन्न छत्रकोट गाउँपा लकाको ऐतिहा सक प्रथम गरिमामय यस गाउँ सभामा छत्रकोट गाउँपा लकाको पहिलो बजेट सम्मानित गाउँसभामा प्रस्तुत गर्न पाउदा गौरवको अनुभुति गरेको छु। आजको यस ऐतिहा सक अवसरमा लोकतान्त्रिक गणतन्त्र संघीयता धर्मनिरपेक्षता समावे शता र सामाजिक न्यायका ला ग जीवन उत्सर्ग गर्नुहुने महान शहीदहरुप्रति श्रद्धाअञ्जली अर्पण गर्दछु । न्याय समानता स्वा धनता र समृद्धी प्राप्तिका आन्दोलनहरुमा योगदान गर्नुहुने सम्पूर्ण छत्रकोटवासी र नेपाली दाजुभाइ दिदीबहिनीहरुप्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

२. राजनीतिक क्रान्ति हामीले पुरा गरी राजनैतिक अधिकारहरु प्राप्त गरिसकेका छौ । संविधान कार्यान्वयनको सिलसिलामा स्थानीय तहको निर्वाचन अन्तर्गत यस छत्रकोट गाउपालिकाको निर्वाचन भइ जनप्रतिनिधिको वहाल भएसँगै लामो समयसम्म स्थानीय स्तरमा रहेको संक्रमण कालको अन्त्य भएको छ । अव स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफै संलग्न हुने वातावरण वनेको छ । राजनीतिक प्रणाली प्रति नागरिकको भरोसा र विश्वास पुन स्थापित भएको छ । विकसित परिस्थितिलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनताको चाहनाहरु पुरा गर्ने अबको हाम्रो बाटो भनेको तिव्र आर्थिक विकास नै हो ।

३. आगामी आर्थिक वर्षको बजेट निर्माण गरिरहँदा स्वशासित, समुन्नत, समृद्ध र समतामूलक छत्रकोटको भावि तस्विरलाई सामुन्नेमा राखेर आर्थिक नीति कार्यक्रम र योजनाहरु तय गरेको छु । स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गरी उच्च दरको आर्थिक वृद्धि गर्ने, साधन, स्रोत र अवसरको न्यायोचित वितरण गर्ने, दिगो विकासको लागि पूर्वाधार निर्माण गर्ने, सन्तुलित रुपमा वडागत विकास गर्ने तर्फ यो बजेट केन्द्रित हुनेछ ।

४. मैले बजेट कार्यक्रमहरु प्रस्तुत गर्दै गर्दा गाउँपालिका, गाउँपालिका बाहिर र विदेशमा रहनुभएका नेपाली दाजुभाई दिदी बैनीहरुले छत्रकोटको विकासको लागि देखाउनु भएको चिन्ता चासो र तत्परतालाई उच्च सम्मान प्रकट गर्न चाहन्छु । छिमेकी गाउपालिकाहरुसँगको सद्भावपूर्ण व्यवहार, विकास साझेदारहरुको छत्रकोट प्रतिको चासो र आम नागरिकको सद्भाव र सहयोगको प्रतिवद्दताबाट म उत्साही भएको छु ।

५. मैले आ.व.२०७४/०७५ को बजेट तयार गर्दा नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची, संविधानमा उल्लेखित मौलिक हकहरु, संविधानमा उल्लेखित राज्यका नीतिहरु, धारु ५९ को आर्थिक अधिकार, भाग १९ आर्थिक कार्यप्रणाली, नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरण प्रतिवेदन, संघीय सरकारले निर्माण गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु, स्थानीय ऐन कानूनमा उल्लेखित प्रावधानहरु, छत्रकोट भिजन ,विकासका समसामयिक मुद्दाहरु जस्तै दिगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन ,लैंगिक सशक्तिकरण, वातावरणमैत्री स्थानीय शासन, विषयगत कार्यालयहरुबाट प्राप्त सुझाव लगायतका विषयलाई ध्यानमा राखेको छु ।

## उद्देश्य

६. आगामी आर्थिक वर्षको बजेटका उद्देश्यहरु निम्न बमोजिम राखेको छु ।

- उत्पादकत्व र उत्पादन वृद्धि गरी उच्च आर्थिक बृद्धि हाँसिल गर्ने
- भौतिक विकास
- आय र रोजगारी बृद्धि गर्ने गरिबी घटाउने

- अवसरको सृजना, सक्षमता अभिबृद्धि र सामाजिक संरक्षण गर्ने
- छत्रकोटबासीलाई गुणस्तरीय सामाजिक सेवा उपलब्ध गराउने

**प्राथमिकताका क्षेत्रहरु**

७. बजेटको बाँडफाड गर्दा मैले देहायका क्षेत्रहरुलाई प्राथमिकतामा राखेको छु।

- कृषि, खानेपानी तथा सरसफाई र सडक
- स्वास्थ्य, शिक्षा , सिंचाई र स्थानीय पूर्वाधार
- वन, पर्यटन, उद्योग
- सामाजिक सुरक्षा
- सेवा प्रवाह र सुशासन

सम्माननीय सभाध्यक्ष महोदय,

अब म आर्थिक बर्ष २०७४/०७५ को बजेट प्रस्तुत गर्दछु।

**८. कृषि**

अधिकांश जनताको मुख्य पेशा कृषि रहेको छत्रकोट गाउँपालिकाको विकासको मुख्य आधार कृषि नै हो। परम्परागत र निर्वाहमुखि खेती प्रणालीलाई आधुनिक र प्रविधियुक्त बनाई कृषि उत्पादनमा मात्रात्मक र गुणात्मक वृद्धि गरी कृषि र पशुजन्य उत्पादन निर्यात गरी नागरिकको आय आर्जनमा बृद्धि गर्नु आजको आवश्यकता रहेको छ। कृषि क्षेत्रको समग्र विकासको लागि **कुल १करोड ३६ लाख ८९ हजार ६ सय रुपैया** बजेट विनियोजन गरेको छु।

**९. उद्योग तथा वाणिज्य**

साना तथा घरेलु उद्योगलाई गाउपालिकास्तरबाट प्रबर्द्धनका कार्यक्रम संचालन गरिने छ। गोलभेडाको शष बनाउने तालिम, टपरी उद्योग, बेसार उद्योग लगायत अन्य उद्यमशीलता तालिमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**१०. पर्यटन**

छत्रकोट देवालय क्षेत्रलाई पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्दै लगिने छ। छत्रकोट देवालय र हनुमानथान मन्दिर रहेको स्थानको वरिपरि पर्ने गरी चक्रपथको रुपमा छत्रकोट साइकल रोड निर्माणको लागि यसै आ.व.देखि सर्वेक्षण कार्य सुरु गरिने छ। यसबाट पर्यटक आगमनमा उल्लेख्य बृद्धि हुने आशा लिएको छु र यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु । छत्रकोट १ हुँगामा रहेको ऐतिहासिक महत्व बोकेको शिवालय मन्दिर जिर्णोद्दार र व्यवस्थापनको लागि बजेट विनियोजन गरेको छु। यसैगरी गाउपालिकाका सबै वडामा रहेका ऐतिहाँसिक महत्व र धार्मिक पर्यटकीय महत्व बोकेका विभिन्न स्थान, मन्दिर , पर्यटकीय क्षेत्रको विकास र संरक्षणको लागि बजेट विनियोजन गरिएको छ।

**११. सहकारी विकास कार्यक्रम**

सहकारीलाई उत्पादनसँग जोडिने नीति अवलम्बन गरिनेछ । समग्र सहकारी क्षेत्रको विकासको लागि **१९ लाख ८० हजार** रुपैया विनियोजन गरेको छु ।

**१२. वित्तिय क्षेत्र**

विभिन्न दातृ निकाय तथा संघ संस्थासँगको सहकार्यमा विकास आयोजना सम्पन्न गर्नको लागि समपुरक कोषको व्यवस्था गरेको छु । यसको लागि **रु ६० लाख** बजेट बिनियोजन गरेको छु । दैविक प्रकोप, प्राकृतिक प्रकोप,मानवीय कारण आदिबाट सृजना हुने विपदको व्यवस्थापनको लागि विपद व्यवस्थापन कोषको स्थापना गरिने छ । यसको लागि रु १० लाख विनियोजन गरेको छु । आकस्मिक कोष, मर्मत सम्भार कोष र अन्य वित्तिय व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**१३. शिक्षा**

गाउँपालिकाको समग्र शिक्षाको गुणस्तर सुधारको लागि विशेष ध्यान दिइने छ । शिक्षा विकासको प्रारम्भ विन्दु र शिक्षाको प्रारम्भ विन्दु बाल शिक्षाको भौतिक पक्ष र समग्र गुणस्तर सुधारको लागि पर्याप्त बजेट विनियोजन गरेको छु । नमूना विद्यालय अवलोकन भ्रमणको लागि बजेट व्यवस्था गरेको छु । शिक्षा क्षेत्रको समग्र चित्र दर्पण आउने गरी गाउँपालिकास्तरको शैक्षिक प्रोफाइल तयारी गरिने छ । यसको लागि **रु १ लाख १० हजार बजेट विनियोजन** गरेको छु । विद्यालयमा इ एटेन्डेन्स प्रणाली यसै आ.व. देखि नमूनाको रुपमा लागु गरिने छ, यसको लागि बजेट विनियोजन गरेको छु । किशोरी छात्राहरुको महिनावारी स्वास्थ्य व्यवस्थापनको लागि सेनेटरी प्याडको व्यवस्था र किशोरी स्वास्थ्य कार्यक्रमको **लागि रु ४ लाख ४० हजार** बजेट विनियोजन गरेको छु ।

**१४. स्वास्थ्य**

गाउँपालिकावासी ४० वर्ष भन्दा माथिका उमेर समूहका नागरिकहरुको वर्षमा १ पटक निशुल्क स्वास्थ्य परीक्षण गरिने छ । यसको लागि रु ५० लाख बजेट विनियोजन गरेको छु । महिला स्वास्थ्य स्वयं सेविकाको कार्यको उच्च मूल्यांकन गर्दै मासिक रु ५०० प्रोत्साहन रकम प्रदान गरिने छ । यसको लागि ५ लाख १६ हजार रुपैया विनियोजन गरेको छु । आमा सुरक्षा कार्यक्रम अन्तर्गत गर्भवती झण्डा कार्यक्रमलाई गाउँपालिकाका सवै वडामा लागु गरिने छ । गरिब असहाय व्यक्तिको स्वास्थ्य उपचारमा केही मात्रै भएपनि सहयोग पुऱ्याउने उद्देश्यले असहाय स्वास्थ्य उपचार सहयोग कोषको स्थापना गरि सकिएको छ । यसमा इच्छुक व्यक्ति संघ संस्था समेतले सहयोग गर्न सक्ने व्यवस्था मिलाइएको छ । सुगर र ब्लड प्रेसरबाट पिडित विरामीलाई लक्षित गरी "गाउँपालिका सुगर प्रेसर पहिचान र न्यूनिकरण कार्यक्रम " संचालन गरिने छ । यसको लागि रु ५० हजार विनियोजन गरेको छु । समग्र स्वास्थ्य क्षेत्र सुधारको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

**१५. खानेपानी तथा सरसफाई कार्यक्रम**

पानी जीवन हो भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै खानेपानी तथा सरसफाई क्षेत्रमा **१ करोड २३ लाख २० हजार** रुपैया विनियोजन गरेको छु । पाँच वर्ष भित्रमा छत्रकोटबासी सवैका भान्सा भान्सामा शुद्ध खानेपानीको धारा पुऱ्याउने सङ्कल्प सहित कार्यक्रम अगाडि बढाइने छ । भालुपानी लिफ्टिङ खा.पा., थुम्का लिफ्टिङ खा.पा. र नरम लिफ्टिङ खा.पा. यसै आ.व. मा सम्पन्न गरिने छ । यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**१६. सँस्कृति प्रवर्द्धन**

पञ्चेबाजा संरक्षण कार्यक्रम, सराँय नाच प्रवर्द्धन, सोरठी नाच, मारुनी नाच, भजन तथा लाखे नाच, तीज गित लगायतका स्थानीय सँस्कृति संरक्षण र विकासको लागि रु ६ लाख ६० हजार विनियोजन गरेको छु।

**१७. खेलकुद तथा मनोरञ्जन**

समग्र खेलकुद क्षेत्रको विकासको लागि १५ लाख ४० हजार बजेट विनियोजन गरेको छु। गाउँपालिका क्षेत्रका उपयुक्त स्थानमा खेलकुद मैदानहरु निर्माण गरिने छ। खेलकुद मैदानहरुको संरक्षणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। खेलकुद सामग्रीको लागि बजेट व्यवस्था गरेको छु। गाउँकार्यपालिका कार्यालय नजिक उपयुक्त स्थानमा व्याडमिन्टन कोर्ट निर्माण गरिने छ।

**१८. लैङ्गिक तथा सामाजिक समावेशीकरण**

लैङ्गिक तथा सामाजिक समावेशीकरण कार्यक्रमको लागि रु ३८ लाख ५० हजार बजेट विनियोजन गरेको छु। कुमाल बोटे मुस्लिम जस्ता सीमान्तकृत र पिछडिएका जातीको उत्थानको लागि बजेट विनियोजन गरेको छु। महिला बालवालिका लक्षित कार्यकमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। दलित, जनजाती, अपाङग, जेष्ठ नागरिक, सुकुम्वासी, विपन्न वर्गको उत्थानको लागि बजेट व्यवस्था गरेको छु।

**१९. सडक**

यस वर्ष सडक शिर्षकको लागि कुल **१ करोड १७ लाख ७० हजार** बजेट विनियोजन गरेको छु। वडा स्तरीय मोटरवाटो मर्मतको लागि आवश्यक बजेट विनियोजन गरेको छु। ह्युम पाइप खरिदको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**२०. सिंचाइ**

सिंचाइ शिर्षकमा रु ३४ लाख ३७ हजार ५ सय  बजेट विनियोजन गरेको छु। यो रकम गाउँपालिकाका विभिन्न नयाँ तथा पुराना सिंचाइ आयोजना मर्मत गर्ने गरी खर्च गर्ने व्यवस्था मिलाएको छु।

**३०. भवन तथा सहरी विकास**

गरिबीको कारणले खरको छानामुनि बस्न बाध्य घर परिवारलाई कर्कट पाता वितरण गरिने छ। यसको लागि ११ लाख २७ हजार ५ सय रुपैया विनियोजन गरेको छु। नमूना वस्ती विकासको लागि ६ लाख ६० हजार बजेट विनियोजन गरेको छु। खर्ज्याङ वसपार्क व्यवस्थापनको लागि ५ लाख रुपैया विनियोजन गरेको छु।

**३१. उर्जा**

महत्वपूर्ण सडक, धार्मिक स्थल, स्वास्थ्य सँस्था आदिमा सोलार बत्ति जडानको लागि १७६० हजार रुपैया विनियोजन गरेको छु। विपन्न वर्गलाई विद्युत जडान सहयोगको लागि बजेट विनियोजन गरेको छु।

**३२. वन तथा भु संरक्षण**

प्रति वडा दश पोखरी निर्माण तथा मर्मत सम्भार गरिने छ। छत्रकोट देवालय परिसरमा वृक्षारोपण तथा संरक्षण कार्यलाई पूर्णता दिइने छ। यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु। भेडुवा पोखरीको स्तरोन्नतीको लागि ९ लाख ९० हजार बजेट विनियोजन गरेको छु। विभिन्न स्थानमा पहिरो नियन्त्रण र भू-संरक्षणको लागि बजेट छुट्याएको छु।

**३३. जलाधार संरक्षण**

विभिन्न जलाधार क्षेत्र तथा पानीका मुहान संरक्षणको लागि रु २ लाख २० हजार रुपैया विनियोजन गरेको छु।

**३३. वातावरण तथा जलवायु परिवर्तन**

वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यकमको लागि आवश्यक वजेट विनियोजन गरेको छु।

**३४. फोहरमैला तथा ढल व्यवस्थापन**

फोहरमैला तथा ढल व्यवस्थापन कार्यको लागि बजेट विनियोजन गरेको छु। छत्रकोट २ पल्लिकोट र छत्रकोट ३ हर्दिनेटालाई पूर्ण सरसफाइयुक्त वडा घोषणा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**३५. जल उत्पन्न प्रकोप नियन्त्रण**

खर्ज्याङ खोला, टुनी खोला, रिडि खोला, बडिगाड खोला, सेङदीकुलो बाँध निर्माण, हर्दि खोला, कोरदी खोला, पचैया खोलोमा जल उत्पन्न प्रकोप नियन्त्रणको लागि कार्यक्रम बनाइ अगाडि बढिने छ।

**३६. विपद व्यवस्थापन**

विपद प्रतिकार्य योजना वनाई कार्यान्वयन गरिने छ। टोल टोलमा विपद उद्दार समूह गठन, तालिम र परिचालन गरी अगाडी बढीने छ। यसको लागि आवश्यक ५ लाख पचास हजार बजेट विनियोजन गरेको छु।

**३७. सामान्य सेवा**

सरकारी कार्यालयको सेवा प्रवालाई अधिकतम जनमैत्री बनाइने छ। कम्प्यूटर तालिम, क्षमता विकास तालिम मार्फत कर्मचारीहरुको कार्यक्षमता वृद्धि गरिने छ। हरेका सरकारी कार्यालयमा नागरिक हेल्प डेस्कको निर्माण र संचालन गरिने छ। सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गरिने छ। यी सवै कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**३८. सूचना प्रविधि**

सूचना प्रविधि शिर्षकको लागि १२ लाख रुपैया बजेट विनियोजन गरेको छु। गाउँपालिकाको वेवसाइट निर्माण गरी संचालनमा ल्याइने छ। गाउँपालिका क्षेत्रका निश्चित स्थानहरुलाइ वाइ फाइ जोनको रुपमा विकास गरिने छ। यसको लागि बजेट व्यवस्था गरेको छु। नयाँ नयाँ सूचना प्रविधिका सामग्रीको प्रयोगलाई बढवा दिइने छ। विद्युतिय शासनलाई अवलम्बन गरिने छ। वडा कार्यालयहरुमा इन्टरनेट जडान गरिने छ।

**३९. पञ्जिकरण**

पञ्जिकरण व्यवस्थापनको लागि बजेट विनियोजन गरेको छु। अनलाइन घटना दर्ता सिस्टमलाई क्रमश अवलम्बन गरिने छ।

**४०. स्थानीय तथ्याङ संकलन**

स्थानीय तथ्याङक संकलनको लागि  रुपमा रु ८ लाख ८० हजार रुपैया  विनियोजन गरेको छु।

- जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङक, राजश्व तथा आय व्यय समेतको तथ्याङक संकलन र प्रशोधन गरी  छत्रकोट गाउँपालिकाको पार्श्वचित्र/श्रोत नक्सा (Profile) तयार गरिने छ ।
- नविनतम प्रविधियुक्त सूचना तथा अभिलेख केन्द्रको स्थापना गरी संचालन गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र सम्पन्न भएका तथा चालू योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन गरिने छ ।
- सम्पूर्ण सरकारी कार्यालयहरुको अभिलेख प्रणालीलाई व्यवस्थित बनाइने छ ।
- गाउँपालिका भित्रका ऐतिहासिक धार्मिक पुरातात्विक महत्वका सम्पूर्ण विषयहरुको खोज गरी अभिलेखीकरण गरिने छ ।

## ४१. सुशासन प्रवर्द्धन

- नागरिक वडापत्र निर्माण तथा अद्यावधिक गरिने छ । डिजिटल नागरिक वडावत्रको समेत व्यवस्था गर्दै लगिने छ ।
- गुनासो व्यवस्थापनको प्रभावकारी संयन्त्र गठन गरिने छ । सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, घुम्ती सेवा, सेवाग्राही सन्तुष्टि मापन आदि जस्ता सेवा प्रवाहका नविनतम अवधारणाको अवलम्बन गरिने छ । समग्रमा यस शिर्षकमा रु ३ लाख बजेट विनियोजन गरेको छु ।

## बजेट कार्यान्वयन

४२.  आयोजनाहरुको अनुगमन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष कार्यकारी अधिकृतबाट हुने व्यवस्था मिलाइने छ । आयोजनासँग सम्बन्धित विषयगत समिति, विषयगत शाखाहरुबाट समेत नियमित अनुगमन मुल्याङकनको व्यवस्था मिलाइने छ । साथै सम्बन्धित वडाका वडाध्यक्ष लगायतका जनप्रतिनिधिहरुबाट समेत अनुगमन मुल्याङकन हुने व्यवस्था मिलाइने छ । यसबाट बजेट कार्यान्वयनमा अनुशासन र नतिजा प्राप्तिको सुनिश्चितता आउने विश्वास लिएको छु ।

४३. विनियोजित पूँजीगत बजेट खर्च हुन नसक्नु आर्थिक विकासका लागि चुनौतिको विषय बनेको छ । निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने, निर्माण गुणस्तर कायम गर्ने र निर्णयकर्ता तथा निर्माण सम्बद्ध व्यवसायी परिणामप्रति जवाफदेही हुने प्रणालीको विकास गरिने छ ।

४४. बजेट कार्यान्वयन कार्यतालिका बनाइ सोही बमोजिम कार्यान्वयन गर्दै लगिने छ ।

**सभाध्यक्ष महोदय**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु, बजेट कार्यान्वयनका लाग बजेट विनियोजन र श्रोत व्यवस्थाको योजना प्रस्तुत गर्दछु ।

यस आर्थिक वर्षका नीति कार्यक्रम र बजेट कार्यान्वयन गर्न **रु २६ करोड ३३ लाख ११ हजार २१ रुपैया**  विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ **रु १४ करोड ६९ लाख ४८ हजार** र  पुँजिगत तर्फ **रु ११ करोड ६३ लाख ६३ हजार २१** रुपैया रहेको छ जसमा नेपाल सरकारबाट  शसर्त अनुदान अन्तर्गत प्राप्त **रु १० करोड ७७ लाख ९७ हजार** रुपैया समेत चालु तर्फ राखिएको छ ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये राजश्वबाट **रु. २० लाख ५१ हजार** र नेपाल सरकारको अनुदानबाट **रु २६ करोड ०७ लाख १८ हजार ८२६** रुपैया रहेको छ । जसमध्ये नेपाल सरकारबाट **२५ करोड १४ लाख ६४ हजार ८२१** रुपैया र जनसहभागिताबाट **९७ लाख ९५ हजार २ सय** रुपैया रहेको छ ।

सभाध्यक्ष महोदय,

यो बजेटको कार्यान्वयनबाट गाउँपालिका न्यायपूर्ण विकाससँगै समृद्धिको नयाँ चरणमा प्रवेश गर्नेछ । गाउँपालिकाबासीका संविधान प्रदत्त मौलिक हकहरु प्राप्त हुदै जानेछन् भन्ने मेरो विश्वास रहेको छ ।

यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने आदरणीय अध्यक्ष ज्यू, वडाध्यक्ष ज्युहरु, विभिन्न विषयका विज्ञ, अर्थशास्त्री, विभिन्न राजनीतिक दलका नेता ज्यूहरु, नागरिक समूहका अगुवाहरु, सामाजिक अभियन्ता, विषयगत कार्यालयका प्रमुख ज्युहरु लगायत सम्पूर्णप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यस कार्यमा अहोरात्र खटिइ नीति कार्यक्रम र बजेट निर्माण कार्यलाई सफल बनाउनुहुने कार्यकारी अधिकृत ज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । बजेट निर्माण कार्यमा अहोरात्र खटिनुहुने राष्ट्रसेवक कर्मचारी टिम लगायत सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा छत्रकोटको विकासमा टेवा पुऱ्याउनुहुने सबै करदाताहरु, संघीय सरकार, दातृ निकायहरु, गैरसरकारी तथा सामुदायिक संस्थाहरु, सहकारी संस्थाहरु लगायत छत्रकोटबासी र छत्रकोट गाउँपालिकालाई माया गर्नुहुने सम्पूर्ण दाजुभाइ दिदी बहिनीहरुलाई यस अवसरमा हार्दिक आभार प्रकट गर्दै यो बजेटको सफल कार्यान्वयनमा समेत सबैको पूर्ण सहयोग पाउने विश्वास गर्दछु ।

धन्यवाद !